# <u>सूचनाको मस्यौदा</u>

नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

## <u>बिर्ता उन्मूलन (आठौं संशोधन) नियमावली, २०६६</u>

बिर्ता उन्मूलन नियमावली, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः-</u>

(१) यी नियमहरुको नाम "बिर्ता उन्मूलन (आठौं संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ख मा संशोधनः</u>** बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ख को सट्टा देहायको नियम ३ख राखिएको छ :-

"३ख. <u>कारवाही टुङ्गो लगाउनु पर्ने अवधिः</u> सम्वत २०६६ साल चैत्र मसान्तसम्म 'ख' श्रेणीको विर्ता जग्गा दर्ता गराउनको लागि ऐनको दफा ७क. बमोजिम परेको दरखास्त र ऐनको दफा १२क. को प्रतिवन्धात्मक वाक्यांश बमोजिम रैकरमा परिणत गरी जग्गा दर्ता गराउन परेका निवेदनहरु उपरको कारवाही सम्बत २०६७ साल चैत्र मसान्तसम्ममा टुङ्गो लगाई सक्नु पर्नेछ ।"

आज्ञाले,

**छविराज पन्त**
सचिव

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालयको
सूचना

विर्ता उन्मूलन ऐन, २०१६ को दफा ७क. को उपदफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाय बमोजिम गर्ने गरी तोकेको छः-

(१) विर्ता उन्मूलन ऐन, २०१६ को दफा ७क. को उपदफा (१) को प्रयोजनको निमित्त "ख" श्रेणीको विर्ता जग्गा कमाउने व्यक्तिले आफूसंग भएको वा आफूले जानेबुझेसम्मको सबूद प्रमाण र सो जग्गाको कित्ता नम्बर, चार किल्ला, विर्तावालको नाम, थर, वतन, कूलबाली, तिरो समेत खुलाई त्यस्तो जग्गा आफ्नो नाउँमा दर्ता गर्नको लागि सम्बन्धित मालपोत कार्यालयमा संवत् २०६६ साल चैत्र मसान्तभित्र दरखास्त दिई सक्नु पर्नेछ ।

(२) विर्ता उन्मूलन ऐन, २०१६ को दफा ७क. को उपदफा (२) को प्रयोजनको निमित्त देहाय बमोजिमको शुल्क र दस्तुर लाग्नेछ-

(क) शुल्कः- मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको निमित्त तोकेको न्यूनतम मूल्यांकन रकमको १०% का दरले हुन आउने शुल्क,

(ख) दस्तुरः- दर्ता हुने जग्गामा लाग्ने मालपोत वा भूमिकर रकमको दश दोब्बरका दरले हुन आउने दस्तुर ।

खण्ड ४५, संख्या ३६, मिति २०५२।९।१० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,

(छविराज पन्त)
सचिव

# बिर्ता उन्मूलन (आठौं संशोधन) नियमावली, २०६६ को तीन महले फाराम

| सावकिको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| "३ख. कारवाही टुंगो लगाउनु पर्ने अवधिः सम्वत २०५३ साल आषाढ मसान्तसम्म 'ख' श्रेणीको बिर्ता जग्गा दर्ता गराउनको लागि ऐनको दफा ७क. बमोजिम परेको दरखास्त र ऐनको दफा १२क. को प्रतिवन्धात्मक वाक्यांश बमोजिम रैकरमा परिणत गरी जग्गा दर्ता गराउन परेका निवेदनहरु उपर २०६२ साल चैत्र मसान्तभित्र कारवाही टुंगो लगाइ सक्नु पर्नेछ ।" | "३ख. कारवाही टुंगो लगाउनु पर्ने अवधिः सम्वत २०६६ साल चैत्र मसान्तसम्म 'ख' श्रेणीको बिर्ता जग्गा दर्ता गराउनको लागि ऐनको दफा ७क. बमोजिम परेको दरखास्त र ऐनको दफा १२क. को प्रतिवन्धात्मक वाक्यांश बमोजिम रैकरमा परिणत गरी जग्गा दर्ता गराउन परेका निवेदनहरु उपर २०६७ साल चैत्र मसान्तभित्र कारवाही टुंगो लगाइ सक्नु पर्नेछ ।" | बिर्ता उन्मूलन सम्वन्धी कानूनी व्यवस्थाको सुत्रपात २०१६ सालमा नै भएपनि हालसम्म विर्ता उन्मूलन ऐन, २०१६ को दफा ७क को उपदफा (१) बमोजिम त्यस्तो विर्ता जग्गा कमाउने व्यक्तिले आफ्नो नाउँमा दर्ता गराउन सम्बन्धित मालपोत कार्यालयमा दर्खास्त दिनको लागि मिति २०४९।१०।५ र मिति २०५२।९।१० को राजपत्रमा प्रकाशित सूचनाबाट दर्खास्त आव्हान गरिएपनि त्यस्तो सबै जग्गाको रैकर परिणतका लागि विविध कारणले दर्खास्त पर्न नसकेको हुँदा पुनः म्याद थपको व्यवस्था गरिनु पर्ने भन्ने व्यापक जनगुनासो रहेको परिप्रेक्ष्यमा सो प्रयोजनको लागि दर्खास्त दिने म्याद र यस अगाडि परेका तथा पर्ने दर्खास्तहरुको कारवाहीको टुंगो लगाउने म्याद तोकि कार्यान्वयन गर्ने अनुकूल परिस्थिति श्रृजना गर्न आवश्यक भएकोले । |